# National Network for Safe Migration
## (Migration Network)
सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (आप्रवासन सञ्जाल)
Regd. No.: 1339/064/065


Ref. No.: १२३-२०७९/८० मिति : २०८०/०२/०३

माननीय मन्त्रीज्यू,
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

**विषय : निःशुल्क भिसा निःशुल्क टिकटका सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीका सन्दर्भमा नेपाल सरकारले २०७२ साल असाढ २१ गतेबाट खाडीका देश र मलेसियामा निःशुल्क भिसा निःशुल्क टिकट (Free Visa Free Ticket) को नीति लागू गरेको सर्वविदितै छ । यसबाट पनि अझ अगाडि बढी सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकको सम्पूर्ण खर्च रोजगारदाताले व्यहोर्ने (Employer Pay Model) सिद्धान्तलाई आत्मसात गरी मलेसिया, मौरिसस, संयुक्त अरब इमिरेट्स लगायतका देशसँग द्विपक्षीय श्रम सम्झौता समेत गरेको छ । वैदेशिक रोजगारीमा हुने भर्ना प्रक्रियामा थप सुधार स्वरूप अनलाइन माध्यमबाट श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिन सकिने साथै स्थानिय तहबाटै श्रम स्वीकृतिको सहजीकरण गरिने निर्णय स्वागत योग्य छन् । यद्यपि, हाल आएर सरकारले वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई भर्ना शुल्क तिराउने गरी निःशुल्क भिसा, निःशुल्क टिकटमा पुनरावलोकन गर्न गइरहेको भनी विभिन्न संचार माध्यममा आएका समाचारप्रति गंभिर ध्यानाकर्षण भएको र वैदेशिक रोजगारमा श्रमिकको स्वच्छ एवं. नैतिक भर्ना विषयमा यस सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल निम्न कुरामा मन्त्रालयको ध्यान जानु पर्छ भनि आफ्नो धारणा राख्न चाहन्छ ।

१. वैदेशिक रोजगारीमा जान चाहने श्रमिकबाट भर्ना वापत पैसा असुल्ने कार्य अन्तर्राष्ट्रिय श्रम सङ्गठनको स्वच्छ तथा न्यायोचित भर्ना प्रक्रियाको सामान्य सिद्धान्त विपरीत हुन्छ ।

२. नेपाल ग्लोबल कम्प्याक्ट फर माइग्रेसन (Global Compact for Migration) मा हस्ताक्षर गर्ने पक्ष राष्ट्र भएको र स्वच्छ भर्नाका सम्बन्धमा च्याम्पियन राष्ट्रका रूपमा समेत दर्ज भएकोले श्रमिकलाई भर्ना शुल्क तिराउन लगाउनु भनेको अन्तर्राष्ट्रिय फोरममा गरेका प्रतिबद्धताबाट नेपाल पछाडि फर्कनु हो जुन नेपालको हित विपरीत र अन्तराष्ट्रिय जगतमा लज्जाको विषय समेत हुन जान्छ ।

३. नेपालले विभिन्न श्रम गन्तव्य मुलुकसँग श्रमिकको खर्च रोजगारदाताले व्यहोर्ने गरी श्रम सम्झौता गरेको छ, जुन सराहनीय छ । श्रम गन्तव्य मुलुकहरूले उद्‌गम मुलुकका नेपाली श्रमिकको भर्ना शुल्क आफैं ब्यहोर्ने भनि रहँदा श्रमिकहरुबाट भर्ना शुल्क उठाउन खोज्नु श्रमिक माथि अन्याय हुन जान्छ ।


Kathmandu, Nepal
Email: nnsm2064@gmail.com

४. निःशुल्क भिसा, निःशुल्क टिकटको नीति प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नुमा प्रभावकारी अनुगमन हुन नसक्नु भन्ने हाम्रो ठम्याई छ। यस कमजोरीको भागीदार श्रमिकलाई बनाई उनीहरूमाथि आर्थिक भार थोपर्नु हुँदैन। श्रमिकलाई आर्थिक भार पार्दैमा हाम्रो अनुगमन प्रणाली बलियो हुने वा भर्ना प्रक्रियामा भइरहेको गलत अभ्यास रोकिने कुनै सुनिश्चितता हुँदैन।

यसै सन्दर्भमा मिति २०८० जेठ १ गते काठमाडौमा सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको आयोजनामा नागरिक समाज र ट्रेड युनियनहरु समेतका प्रतिनिधि सम्मिलित छलफलको निणर्य समेतका अधारमा हामी माननिय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री ज्यु समक्ष निम्न लिखित एक सुत्रिय माग पेश गर्दछौ।

**१. भर्ना प्रकृयामा श्रमिकको खर्च रोजगारदाताले व्यहोर्ने प्रणाली (Employer Pay Model) बाट सरकार पछाडि फर्कन नहुने र अन्य मुलुकहरूसँग पनि सोही प्रणाली अनुरूप द्विपक्षिय श्रम सम्झौताको पहल गर्नुपर्ने**

हरि बहादुर थापा
अध्यक्ष